## हरियो वन कार्यक्रम

पदमपुर गा.वि.स.-१, २, ३, ४ र ८; जुटपानी गा.वि.स.-२, ६ र ७ तथा रत्ननगर नगरपालिका-१० र ११, चितवनका समुदायको

# समुदाय स्तरीय जलवायु परिवर्तन अनुकूलन योजनाको संक्षिप्त जानकारीपत्र

(आ.व. २०७०/७१ देखि २०७४/७५ सम्म)



## परिचय

जलवायु परिवर्तन, यसले सिर्जना गर्ने असरको मुद्दा र यसमाथिको बहसले हाल विश्वको ध्यानाकृष्ट गरेको छ । बढ्दो जनसंख्या र अव्यवस्थित सहरीकरणका कारण सीमित प्राकृतिक स्रोतमाथि अत्यधिक माग बढ्न गई प्राकृतिक पर्यावरणीय चक्रमा आउने गडबडीले विश्व जलवायुको तापमानमा असर परी यसका असरहरू देखिन थालेका हुन् । प्रस्तुत जानकारीपत्र जलवायु परिवर्तनबाट सिर्जित असरहरूलाई कम गरी दिगो वातावरणीय अनुकूलता कायम गर्न स्थानीय तहमा सम्भव रहेका अनुकूलनका प्रयासहरूलाई संरचनाबद्ध गरिएको पदमपुर गा.वि.स.-१, २, ३, ४ र ८; जुटपानी गा.वि.स.-२, ६ र ७ तथा रत्ननगर नगरपालिका-१० र ११, चितवनका समुदाय आफैले तयार पारी लागू गरेको जलवायु परिवर्तन अनुकूलन योजनाको संक्षिप्त जानकारीपत्र हो । यस योजना थाङ्खोला सामुदायिक वन उपभोक्ता समूहको नेतृत्वमा हरियो वन कार्यक्रमको आर्थिक सहयोग तथा राष्ट्रिय प्रकृति संरक्षण कोष - जैविक विविधता संरक्षण केन्द्र, सौराहा, चितवनको प्राविधिक सहयोग एवम् सहजीकरणमा तयार पारी लागू गरिएको हो ।

थाङ्खोला सामुदायिक वन उपभोक्ता समूह पदमपुर, जुटपानी र रत्ननगरका उल्लिखित क्षेत्रमा बसोवास गर्ने १,९६६ घरधुरी सम्मिलित भई १ मंसिर २०५९ मा स्थापना भएको र १२ असार २०६० मा विधिवत् रूपमा जिल्ला वन कार्यालयले कार्ययोजना स्वीकृत गरेको समूह हो । वन स्रोतको दिगो संरक्षण र प्रभावकारी उपभोगका लागि यस सामुदायिक वनलाई २ भागमा विभाजन गरिएको छ । जसमध्ये १९९.८५६ हेक्टर वन क्षेत्र समुदायले संरक्षण तथा उपयोगको अधिकार प्राप्त गरी संरक्षण गर्दै आएका छन् भने बाँकी ४३४.४६८ हेक्टर वन क्षेत्र संरक्षित वनको रूपमा रहेको छ । स्थानीय स्तरमा सञ्चालन हुने साना तथा ठूला आयोजनाहरूलाई जलवायु परिवर्तनले सिर्जना गर्ने असर कम गर्ने गरी सञ्चालन गर्न सहजीकरण गर्ने उद्देश्यले २ जेष्ठ, २०७० मा प्रस्तुत अनुकूलन योजनाको तर्जुमा गरिएको हो । योजना अनुरूप ४४२ घरधुरीमा गोबर ग्यास निर्माणको लागि सहयोग गरिएकामा ११५ सम्पन्न भइसकेका छन् भने बाँकी प्रक्रियामा छन् । त्यसै गरी नदी तटबन्ध, जनचेतना र आयआर्जनका कार्यक्रमहरू पनि सञ्चालन गरिएको छ ।

## समुदायको भू-बनावट र प्राकृतिक निर्भरता

चितवन जिल्लाको टाँडी बजारबाट करिब १० किलोमिटर उत्तरपूर्वमा थाङ्खोला सामुदायिक वन उपभोक्ता समूह रहेको छ । उत्तरतर्फबाट आउने थाङ्खोला, बुङ्खोला तथा त्यसबाट आउने कुलोको कारण जमिन कटान दिनानुदिन तीव्र भई करिब १९६३ बिगाहा क्षेत्रफलमध्ये झन्डै ५०० बिगाहा जमिन कटान भइसकेको छ । यस नयाँ पदमपुरको पूर्वतर्फ जुटपानी गा.वि.स.का वडा नम्वर १ र ४, पश्चिमतर्फ खगेरी खोला, उत्तरतर्फ थाङ्खोला र दक्षिणतर्फमा जुटपानी गा.वि.स.का विभिन्न वडाहरूलाई समेट्दै बीचमा अवस्थित छ । २०५० सालमा आएको विशाल बाढीले कटान गरेपछि सरकारले पुरानो पदमपुर क्षेत्रका वासिन्दालाई पुन:स्थापित गरी हालको पदमपुरमा बस्ती बसाएको थियो । अर्थोपार्जनको प्रमुख स्रोत श्रम रहेको यस क्षेत्रमा रहेका प्राकृतिक स्रोतमाथि दिनानुदिन चाप बढेकाले समुदायको सक्रियतामा दिगो व्यवस्थापनका केही कामहरू अगाडि बढेका छन् ।

यस क्षेत्रमा काष्ठ र गैरकाष्ठ वन पैदावरहरू, बाघ, भालु, चितुवा, वन बिरालो, स्याल, बँदेल, दुम्सी, चित्तल, खरायो, बाँदर, गोहोरो र नीलगाई जस्ता वन्यजन्तु र ढुकुर, जुरेली, सुगा, काग, फिस्टे, लुइचे, कालिज, मयुर, राज धनेश, मैना, बकुल्ला, हुचिल, डाग्रे आदि लगायतका पंक्षीहरू पाइन्छन् ।

## मुख्य जलवायुजन्य जोखिम

यस क्षेत्रको मुख्य जलवायुजन्य जोखिमपना बाढी र नदी कटान हो । चुरे क्षेत्रमा भइरहेको तीव्र प्राकृतिक विनाशसँगै यो समस्या झनै बढेर गएको छ । त्यसका अतिरिक्त समग्र वातावरणमा पार्ने समस्याबाट उक्त क्षेत्र अछूतो रहने कुरै भएन ।

## योजनाको परिकल्पना

५ वर्षमा पदमपुर तथा जुटपानी गा.वि.स.का प्रत्येक घरमा गोबर ग्यास जडान र बाटोको दुवैतर्फ वृक्षरोपणको माध्यमबाट हरियाली व्यवस्थापन गर्ने र उपभोक्ताहरूको जीविकोपार्जनमा सुधार गर्ने विकल्पहरूको पहिचान गर्दै जलवायु समानुकूलित समुदायको विकास गर्ने ।

## योजनाको उद्देश्य

- समुदायलाई जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणबारे सचेत गराउने,
- क्षेत्रगत विषयमा तालिम दिई जीविकोपार्जन तथा सीपमूलक कार्यक्रम सञ्चालन गरी क्षमता अभिवृद्धि गर्ने,
- भैपरी आउने विपद्हरूको पूर्वतयारी गर्न सचेत गराउने,
- अति विपन्न तथा अन्य घरधुरीलाई आयआर्जनमूलक व्यवसाय सञ्चालन गर्न सहयोग गर्ने,
- वन संरक्षणमा ५० प्रतिशत महिलाको अगुवाई सुनिश्चित गर्दै वन व्यवस्थापनमा सुधार गर्ने,
- जोखिममा परेका घरधुरीलाई अनुकूलित हुन सहयोग पुऱ्याउने,
- जीविकोपार्जनका कार्यक्रम मार्फत उपभोक्ताहरूको आम्दानीको स्तर वृद्धि गराउने ।

## योजना तर्जुमा प्रक्रिया

स्थानीय जलवायु अनुकूलन योजनाको राष्ट्रिय संरचना र हरियो वन कार्यक्रम निर्देशिकाको अधीनमा रही निम्नानुसार चरणबद्ध प्रक्रिया पूरा गरी प्रस्तुत योजनाको तर्जुमा गरिएको हो ।

- समूहका उपभोक्ताहरू, महिला, जनजाति, सिकाई केन्द्रका सहभागी र पदाधिकारीसँग छलफल गर्नुका साथै ३ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन,
- सरोकारवालासँग समन्वय र पत्राचार,
- संकटासन्न समुदाय र घरधुरीको पहिचान,
- अनुकूलन अभ्यास र अनुकूलन कार्य निर्धारण ।

## योजनाका विशेषताहरू

- स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना २०६८ ले निर्देश गरेबमोजिम तयार गरिएको,
- सहभागितामूलक, दिगो प्रभाव, सुशासनका अभ्यासहरूको सुनिश्चितता गरिएको,
- दैनिक जीवनयापनका विविध पक्षहरू जस्तैः कृषि तथा जीविकोपार्जन, जलस्रोत तथा ऊर्जा, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, जल उत्पन्न प्रकोप लगायत विषय समेटिएको,
- स्थानीय स्रोत साधन तथा महिला, जनजाति, दलित र पछाडि पारिएका समुदायको ज्ञान र सीपमा आधारित कार्यक्रमहरूमा जोड दिइएको,
- अत्यधिक जोखिममा रहेका घरधुरीलाई लक्षित गरिएको,
- स्थानीयको क्षमता अभिवृद्धिमा केन्द्रित गरिएको ।

## जोखिम तथा संकटासन्नता विश्लेषण

| जोखिमको क्षेत्र | जोखिम/प्रकोप | अनुकूलनका क्रियाकलापहरू |
|---|---|---|
| बाढी | थाङ्खोला छेउका बस्ती कटान | वृक्षरोपण, तटबन्ध र तारबार मर्मत |
| सुक्खा खडेरी | वन तथा कृषि र खाद्य सुरक्षामा पर्ने असर | इनार, कुलो निर्माण, वन क्षेत्रमा पोखरी निर्माण, मौसम अनुसारको खेती र वृक्षरोपण |
| मानव-वन्यजन्तु द्वन्द्व | थाङ्खोलाको छेउका बस्ती (पदमपुर-१, २ र ८) मा | विद्युतीय तारबार जडान तथा मर्मत, बाढी नियन्त्रण, तोष मर्मत, जनचेतनामूलक कार्यक्रम, चोरी सिकारी नियन्त्रण, वैकल्पिक ऊर्जा (गोबर ग्यास) जडान तथा प्रयोग र वन हेरालु नियुक्ति |
| रोग कीरा | वन, कृषि र मानव तथा पशु स्वास्थ्यमा | जनचेतनामूलक कार्यक्रम सञ्चालन, जैविक मल तथा औषधिको प्रयोग र कीराको वासस्थान संरक्षण |
| मिचाहा प्रजाति | वन तथा वन्यजन्तुमा | जनचेतनामूलक कार्यक्रम सञ्चालन, जैविक मल र औषधिको प्रयोग गरी नियन्त्रण र वनबाट उखेलेर फाल्ने |
| हावाहुरी, असिना, अधिक वर्षा, तुषारो, चट्याङ | सबै क्षेत्र | वृक्षरोपण बढाउँदै लैजाने, हावाहुरी लागेको समयमा बाहिर ननिस्कने |
| आगलागी | वन क्षेत्र तथा मानव बस्ती | अग्नि रेखा निर्माण गर्ने, समुदायमा जनचेतना फैलाउने, स-साना खण्डमा विभाजन गरी आगो लगाउने, आगो नियन्त्रण तालिम सञ्चालन र उपभोक्ता परिचालन |

उपरोक्त अनुकूलनका योजना कार्यान्वयनका लागि विभिन्न सेवा प्रदायक निकायसंग समन्वय गर्नुका साथै सेवा प्रदायक निकायहरूबाट अनुकूलनका क्रियाकलापहरूलाई समावेश गर्ने प्रतिबद्धता समेत जनाइ सकिएको छ । योजना निर्माण गर्दा महत्वका आधारमा प्राथमिकीकरण समेत गरिएको छ ।

## योजना कार्यान्वयन प्रक्रिया

प्रस्तुत योजना कार्यान्वयनको सिलसिलामा अनुकूलनका अवसरहरूको लेखाजोखा तथा अनुकूलनका कार्य, कार्यक्रम तथा कार्ययोजना कार्यान्वयनबीचको दोहोरोपना र रिक्तता हटाउन गा.वि.स. स्तरमा बनाइएको वा भविष्यमा बनाई स्थानीय अनुकूलन कार्ययोजनाको कार्यान्वयनमा सहायक सिद्ध हुने विश्वास लिइएको छ । स्थानीय अनुकूलन कार्ययोजनाका निम्नानुसार प्रक्रिया कार्यान्वयनमा समूह प्रतिबद्ध छ ।




स्थानीय अनुकूलन कार्ययोजनाका पाइलाहरू

## योजना समायोजन

यस योजनामा उल्लेख गरिए बाहेक गा.वि.स. तथा नगरपालिका स्तरमा हुने योजना तर्जुमा प्रक्रियामा पनि अनुकूलन योजनाहरूलाई समायोजन र मूलप्रवाहीकरण गरिनेछ ।

## अनुगमन र मूल्याङ्कन

योजनाको कार्यान्वयन भए नभएको हेर्न र अनुगमन गरी प्रतिवेदन तयार पार्न अनुगमन तथा मूल्याङ्कन मापदण्ड तयार पारी लागू गरिएको छ । अनुगमनलाई सहज बनाउन हरेक क्रियाकलापको अलग-अलग विश्लेषण मापदण्ड तयार पारिएको छ ।

थप जानकारीका लागि

थाङ्खोला सामुदायिक वन उपभोक्ता समूह
पदमपुर-१, चितवन, नेपाल
वा
राष्ट्रिय प्रकृति संरक्षण कोष - जैविक विविधता संरक्षण केन्द्र
सौराहा, चितवन, नेपाल
फोन नं.: ००९७७-५६-५८०२८८, फ्याक्स नं.: ००९७७-५६-५८०१३०
वेबसाइटः www.ntnc.org.np, इमेलः bcc@ntnc.org.np

USAID FROM THE AMERICAN PEOPLE · WWF · care · NTNC

**डिस्क्लेमरः** यो जानकारीपत्र अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (यूएसएड)को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो । यसमा उल्लेखित विषयवस्तुले अमेरिकी सरकारको धारणाको प्रतिनिधित्व गरेको मानिने छैन ।